नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
गाईघाट, उदयपुर

०३५-४२०१३३
०३५-४२०१३२
०३५-४२०१३१
०३५-४२०७८७

प्रदेश नं.१, नेपाल

पत्र संख्या:- ०७७/७८
चलानी नम्बर:- ४३९३

मिति: २०७८/०२/०३

विषय:- **DCCMC बैठकको निर्णय पठाइएको सम्बन्धमा।**

श्री गृह मन्त्रालय,
शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा,
सिंहदरवार, काठमाडौं ।

श्री गृह मन्त्रालय,
विपद तथा द्वन्द्व व्यवस्थापन महाशाखा
सिंहदरवार, काठमाडौं ।

प्रस्तुत विषयमा मिति २०७८/०२/०३ गते सोमबारका दिन प्रमुख जिल्ला अधिकारी श्री तुलसीराम सेडाईको अध्यक्षतामा बसेको District Covid-19 Crisis Management Center (DCCMC) को बैठकको निर्णय प्रतिलिपि पाना-३ (तीन) यसै साथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ।

२०७८।०२।०३
दिपक दाहाल
प्रशासकीय अधिकृत

बोधार्थ:
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
प्रदेश नं. १, विराटनगर ।

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय,
प्रदेश नं. १, विराटनगर ।

श्री सामाजिक विकास मन्त्रालय,
प्रदेश नं. १, विराटनगर ।

श्री सबै स्थानीय तहहरु, उदयपुर ।
श्री रण शार्दुल गण, बोक्से, उदयपुर ।
श्री जिल्ला प्रहरी कार्यालय, उदयपुर ।
श्री सशस्त्र प्रहरी बल ५ नं. गण, उदयपुर ।
श्री राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, उदयपुर ।
श्री स्वास्थ्य कार्यालय, उदयपुर ।
श्री जिल्ला अस्पताल, उदयपुर ।
श्री सरोकारवाला निकाय सबै, उदयपुर ।

इमेल : cdoudayapur@gmail.com वेबसाइट : http://daoudayapur.moha.gov.np

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
उदयपुर

आज मिति २०७८ साल जेष्ठ ३ गते प्रमुख जिल्ला अधिकारी श्री तुलसीराम सेडाइज्यूको अध्यक्षतामा District Covid-19 Crisis Management Center (DCCMC) को ZOOM बैठक बस्यो । ZOOM बैठकमा निम्नानुसारका पदाधिकारीज्यूहरुको Online उपस्थिति भई निम्नानुसार निर्णय गरियो ।

**सल्लाहकार:**

जिल्ला समन्वय समिति - प्रमुख श्री खडग बहादुर परियार

त्रि.न.पा. - प्रमुख श्री बलदेव चौधरी

**उपस्थिति**

| | | |
|---|---|---|
| १. | प्रमुख जिल्ला अधिकारी श्री तुलसीराम सेडाइ | - अध्यक्ष |
| २. | प्रमुख सेनानी श्री अर्जुन बोहोरा | - सदस्य |
| ३. | प्रहरी उपरीक्षक श्री भीम बहादुर दाहाल | - सदस्य |
| ४. | सशस्त्र प्रहरी उपरीक्षक श्री सुधिर सुवेदी | - सदस्य |
| ५. | उप अनुसन्धान निर्देशक श्री देवराज लिम्बु | - सदस्य |
| ७. | जिल्ला अस्पताल मे.सु. श्री जीव नारायण मण्डल | - सदस्य |
| ८. | प्रशासकीय अधिकृत श्री दिपक दाहाल | - सदस्य-सचिव |

**विशेष आमन्त्रित**

मा. नारायण बहादुर बुर्जा

मा. अम्बिका थापा

वेलका न.पा. प्रमुख - श्री दुर्गा कुमार थापा

चौदण्डीगढी न.पा. प्रमुख - श्री खगेन्द्र राई

कटारी न.पा. प्रमुख श्री - ज्ञानेन्द्र श्रेष्ठ

सहायक प्रमुख जिल्ला अधिकारी - श्री विनोद कुमार पोखरेल

इलाका प्रशासन कार्यालय कटारी प्रमुख - श्री तुलाराज सुनुवार

**आमन्त्रित**

स्वास्थ्य कार्यालय प्रमुख - श्री मोहन सुवेदी

उद्योग वाणिज्य संघ अध्यक्ष - श्री गजेन्द्र कुमार भगत

पत्रकार महासंघ अध्यक्ष - श्री भरत खडका

मानवअधिकारकर्मी - श्री भरत खडका

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
उदयपुर

निर्णयहरु

१. आज मिति २०७८/०२/०२ गतेसम्मको तथ्याङ्क हेर्दा कोभिड परीक्षण (PCR र Antigen) गरी कुल जम्मा ७९४ रहेको, संक्रमितको संख्या ३८७ रहेको र मृत्यु हुनेको संख्या ११ रहेको छ । संक्रमणको यो दर दैनिक रुपमा बढी रेहेकोले संघ, प्रदेश र सबै स्थानीय तहहरुसँग समन्वय तथा सहयोग लिई स्वास्थ्य कार्यालय उदयपुरले Antigen र PCR Kit व्यवस्था गरी परीक्षणको दायरा बढाउन पहल गर्ने ।

२. कटारी न.पा.भई अन्य जिल्लातर्फ निर्माण सामाग्री लगायत खाद्यान्न वस्तुको ओसार पसार बढी मात्रामा भई कटारी बजारमा भिडभाड बढी संक्रमणको दर बढ्दै गएकोले कटारी न.पा.को अनुरोधमा तत्कालका लागि देहाय बमोजिम गर्ने ।

देहाय

क. कटारी बजार बन्द गर्ने

ख. राष्ट्रिय महत्वका आयोजना बाहेक कटारी न.पा.मा सञ्चालित अन्य सबै किसिमका विकास निर्माणका कार्यहरु सञ्चालनमा रोक लगाउने ।

ग. एम्बुलेन्स, शववाहन, विरामी बोकेको सवारी साधन बाहेक अन्य सवारी साधन सञ्चालमा रोक लगाउने ।

३. राष्ट्रिय महत्वका तथा यसै आ.ब.भित्र सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएका जिल्लास्तरीय ठूला आयोजनाहरुको निर्माण कार्य मात्र संचालन गर्ने । सो सम्बन्धि निर्माण सामाग्री ढुवानीका साधन मात्र चलाउने । अन्य निजी तथा सार्वजनिक निर्माण सँग सम्बन्धित सवारी साधन पूर्ण रुपमा बन्द गर्ने ।

४. मृतकको संख्या दिनानुदिन बढ्दै गएकोले शव व्यवस्थापनलाई सहज र प्रभावकारी बनाउन सम्बन्धित स्थानीय तहहरुले डिभिजन बन कार्यालयसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने ।

५. कोभिड-१९ संक्रमणबाट मृत्यु भएका व्यक्तिहरुको आफन्तजनहरुबाट दाहसंस्कार गर्न समस्या भएमा त्यस्ता मृतकको दाहसंस्कारका लागि स्थानीय तहहरुले जिल्ला प्रशासन कार्यालय मार्फत नेपाली सेनालाई अनुरोध गर्ने । नेपाली सेनाले कोभिड-१९ बाट मृत्यु भएका व्यक्तिहरुको शव व्यवस्थापन गर्दा आवश्यक पर्ने स्वास्थ्य सामाग्रीहरु स्वास्थ्य कार्यालय समक्ष माग गर्ने र स्वास्थ्य कार्यालयले स्थानीय तह, सामाजिक विकास मन्त्रालय प्रदेश नं. १ सँग समन्वय गरी माग बमोजिम स्वास्थ्य सामाग्री नेपाली सेनालाई उपलब्ध गराउने ।

६. निषेधाज्ञा भर मदिराजन्य पसल तथा होटल व्यवसाय र मदिराजन्य वस्तुको बिक्री वितरण तथा सेवन कार्यलाई पूर्ण रुपमा बन्द गर्ने ।

७. हाललाई जारी निषेधाज्ञालाई थप प्रभावकारी बनाउन तथा कोभिड-१९ नियन्त्रण, रोकथाम तथा प्रतिकार्य सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न नेपाली सेनाको मोबाइल पट्रोलिङ टोली परिचालन गर्ने ।

८. होम आइसोलेसनमा बस्ने संक्रमित बिरामीहरुको बिवरण संकलन तथा अभिलेख अद्यावधिक गर्न सम्बन्धित स्थानीय तहले फोन नं. सहित प्रतिबद्ध कर्मचारी खटाई संक्रमितको बिवरण संकलन गर्ने र सोको बिवरण स्वास्थ्य कार्यालय मार्फत जिल्ला प्रशासन कार्यालयमा नियमित रुपमा पठाउने व्यवस्था गर्ने । साथै आइसोलेसनमा रहेका संक्रमितहरुलाई औषधि, पोषणयुक्त आहार, आयुर्वेदिक चुर्ण तथा मनोसामाजिक परामर्श गर्न स्थानीय तहहरुसँगको सहकार्य तथा संयोजनमा स्वास्थ्य कार्यालय, आयुर्वेदिक कार्यालय र सामाजिक संघ संस्थाहरुले घरदैलो अभियान कार्यक्रम संचालन गर्ने ।

१०. बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने इलेक्ट्रोनिक बैंकिङ प्रणाली तथा ATM सेवालाई प्रभावकारी रुपमा संचालन गर्न र हप्तामा बढीमा ३ दिन बिहान ७ बजे देखि ९ बजे सम्म मात्र अत्यावश्यक बैंकिङ सेवा सञ्चालन गर्न सबै वित्तीय बैंक तथा वित्तीय संस्थालाई अनुरोध गर्ने ।

११ चौदण्डीगढी न.पा.स्थित कोभिड अस्पतालमा विरामीको चाप बढ्दै गएकोले बिरामीहरुको नियमित निगरानीको लागि अस्पताल भवनको सबै कोठाहरुमा CC Camera जडान गर्ने र अन्य स्वास्थ्य सामाग्री, औषधी, अक्सिजन लगायतका उपकरण तथा थप जनशक्ति आवश्यक परेमा सो को व्यवस्था समेत गर्न चौदण्डीगढी नगरपालिकालाई अनुरोध गर्ने ।

तुलसी राम खेडाई
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
उदयपुर

१२. उदयपुर जिल्ला अस्पताल कोभिड १९ का विरामीहरुको संख्या वढ्दै गईरहेको सन्दर्भमा स्वास्थ्यकर्मीहरुको थप आवश्यकता पर्दै गईरहेकोले सबै स्थानीय तहहरुले त्यस पालिका अन्तर्गतका स्वास्थ्यकर्मीहरुलाई आलोपालोमा खटाई सहयोग गर्ने । अस्पतालकै परिसरमा २४ घण्टा रहने गरी एम्बुलेन्स सेवा उपलब्ध गराउन त्रियुगा न.पा.ले सहजीकरण गर्ने र अस्पताल क्षेत्रको सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन नेपाल प्रहरीले आवश्यक सुरक्षा प्रबन्ध गर्ने ।

१३. चौदण्डीगढी न.पा.स्थित कोभिड अस्पताल र मदन भण्डारी आँखा अस्पतालमा संक्रमित विरामीहरुको उपचारलाई थप प्रभावकारी बनाउन ५/५ वेडको HDU सञ्चालन गर्न सामाजिक विकास मन्त्रालय प्रदेश नं. १ सँग समन्वयगरी चौदण्डीगढी न.पा. र जिल्ला अस्पतालले आवश्यक व्यवस्था मिलाउने ।

१४ कोभिड १९ संक्रमण तिव्र देखिएको तथा सम्वन्धित पालिकाबाट सिफारिस भएको त्रियुगा न.पा वडा नं. १६ तथा वेलका न.पा वडा नं. ४ स्थित गुरुङ चौरलाई अर्को आदेश नभए सम्मका लागि सिल गर्ने ।

१५ त्रि.न.पा ५ स्थित स्वास्थ्य चौकी देउरीमा १० वेडको आइसोलेसन सेन्टर स्थापना गर्न त्रि.न.पा.को संयोजकत्वमा उदयपुर सिमेन्ट उद्योग तथा जिल्ला स्वास्थ्य कार्यालय उदयपुरले सहयोग गर्ने ।

०७८/२/३

तुलसी राम सेडाई
प्रमुख जिल्ला अधिकारी